# स्थानीय राजपत्र

तिनाउ गाउँपालिकाद्वारा प्रकाशित

खण्ड ८, भाग २, संख्या ६, मिति २०८२ मंसिर ०४ गते


## भाग-२

## तिनाउ गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय, दोभान, पाल्पा

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम तिनाउ गाउँपालिका, गाउँ कार्यपालिकाले बनाएको तपशिल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

**तिनाउ गाउँपालिकाको सडक मर्मतकर्ता(लेन्थमेन/ लेन्थवर्कर्स) सञ्चालन तथा ब्यबस्थापन सम्बन्धी कार्यविधि, २०८२**

**प्रस्तावना**

तिनाउ गाउँपालिकाको प्रशासकीय कार्यविधी (नियमित गर्ने) ऐन,२०७६ दफा ४ ले दिएको अधिकार प्रयोग गरी स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक मर्मत सम्भार कार्यलाई ब्यबस्थित गर्न तिनाउ गाउँपालिकाले यो “**तिनाउ गाउँपालिकाको सडक मर्मत तथा सडक मर्मतकर्ता (लेन्थवर्कर्स) ब्यबस्थापन एवं सञ्चालन सम्बन्धी कार्यविधि २०८२**" बनाई लागू गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

यो कार्यविधिको नाम "**तिनाउ गाउँपालिकाको सडक मर्मत तथा सडक मर्मतकर्ता (लेन्थवर्कर्स) ब्यबस्थापन एवं सञ्चालन सम्बन्धी कार्यविधि २०८२**" रहेको छ।

यो कार्यविधि तिनाउ गाउँकार्यपालिकाले स्वीकृत गरेपछि तुरुन्तै लागू हुनेछ।

**२. परिभाषाः** विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा ,

क. "ऐन" भन्नाले तिनाउ गाउँपालिकाको प्रशासकीय कार्यविधी (नियमित गर्ने) ऐन,२०७६ लाई सम्झनु पर्दछ।

ख. "गाउँपालिका" भन्नाले तिनाउ गाउँपालिकालाई सम्झनु पर्दछ।

ग. "कार्यालय" भन्नाले तिनाउ गाउँपालिकाको कार्यालयलाई सम्झनु पर्दछ।

घ. "समिति" भन्नाले तिनाउ गाउँपालिकाको यस कार्यविधि बमोजिम गठित सडक मर्मत ब्यबस्थापन समितिलाई सम्झनु पर्दछ।

ङ. "सडक मर्मतकर्ता" भन्नाले तिनाउ गाउँपालिका भित्र सञ्चालनमा रहेका स्थानीय सडक, ग्रामीण सडक, कृषि सडकलाई अवरोध हुन नदिने र सडक नियमित रुपमा मर्मत सम्भार गरि गुणस्तरीय बनाउने प्रयोजनका लागि गाउँपालिकाबाट यस कार्यविधि बमोजिम आवधिक रुपमा ज्यालादारीको रुपमा नियुक्त श्रमिकलाई सम्भनुपर्छ।

च. "सम्झौता" भन्नाले तिनाउ गाउँपालिकाले अस्थायी रुपमा सडक मर्मतकर्ता नियुक्त गर्ने सम्वन्धमा गाउँपालिका र सडक मर्मतकर्ता बीच भएको आवधिक सम्झौता लाई सम्झनु पर्दछ।

छ. "आर्थिक वर्ष" भन्नाले श्रावण १ गते देखि शुरु भई आषाढ मसान्तमा समाप्त हुने अवधिलाई सम्झनु पर्दछ।

ज. "कार्यपालिका" भन्नाले तिनाउ गाउँ कार्यपालिकालाई सम्झनु पर्दछ।

झ. "गाउँसभा" भन्नाले तिनाउ गाउँ गाउँपालिकाको सभा सम्झनु पर्दछ।

ञ. "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतको रुपमा काम गर्न नेपाल सरकारबाट खटाईएको अधिकृतलाई सम्झनु पर्दछ।

ट. "तोकिएको" वा "तोकिए वमोजिम" भन्नाले गाउँकार्यपालिकाले समय समयमा निर्णय गरी तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

ठ. “नाइके” भन्नाले सडक मर्मतकर्ता लाई परिचालन गर्ने समेतको जिम्मेवारी पाएको सडक मर्मतकर्ता समूहको नाइके सम्झनु पर्छ ।

ड. “प्राविधिक” भन्नाले सडक मर्मतको लागि नाइके, सडक मर्मतकर्तालाई आवस्यक प्रबिधिक सहयोग उपल्ब्ध गराई कार्य सम्पादनको मूल्याङ्कन गर्ने समेतको जिम्मेवारी तोकिएको गाउँपालिकाको इन्जिनियर वा सव इन्जिनियर सम्झनुपर्छ ।

**३. सडक मर्मतकर्ताको ब्यवस्थापनः** गाउँपालिकाको गाउँसभाबाट बिनियोजित बजेट र कार्यक्रमको परिधि भित्र रही सडक मर्मतकर्ताको ब्यवस्स्थापन रेखदेख र अनुगमनका लागि सडक मर्मत व्यवस्थापन समिति,नाइके र सडक मर्मतकर्ताको ब्यवस्थापन गरिनेछ ।

**४. सडक मर्मतकर्ता ब्यवस्थापन समिति :**

१. तिनाउ गाउँपालिका भित्रका स्थानीय सडक,ग्रामीण सडक ,कृषि सडक मर्मत सम्भार कार्यलाई ब्यबस्थित गर्न सडक मर्मतकर्ता ब्यवस्थापन समिति रहनेछ ।

२. समितिको गठन देहाय बमोजिम हुनेछ ।

| | | |
|---|---|---|
| गाउँपालिकाको पूर्वाधार बिकास समितिको संयोजक | - | संयोजक |
| गाउँकार्यपालिकाले तोकेको कम्तिमा १ जना महिला सहित २ जना | - | सदस्य |
| प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत स्तरको कर्मचारी | - | सदस्य |
| गाउँपालिकाको पूर्वाधार बिकास समितिको सदस्य सचिव | - | सदस्य सचिव |

३. समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क. गाउँपालिका भित्रका सडकहरुको अवस्थाको अनुगमन गर्ने ।

ख. वडाबाट सिफारिस सडक मर्मतकर्ताको संख्या तथा औचित्य एकिन गरि स्वीकृतीको लागि पेश गर्ने ।

ग. सडक मर्मतकर्ताले गरेको मर्मत कार्यको अनुगमन तथा पृष्ठपोषण प्रदान गर्ने ।

घ. सडक मर्मतकर्ताको कार्य सम्पादन सन्तोषजनक नरहेको भनि प्राविधिकबाट प्रतिवेदन प्राप्त भएमा निज संग स्पष्टिकरण माग गरि सो को जाचबुझ गरि कार्य सम्पादन सन्तोषजनक नरहेको पाइएमा निजलाई पदवाट हटाउनका लागि कार्यालयमा लेखि पठाउने ।

ङ. गाउँपालिका भित्रका सडकको गुणस्तरीयताका लागि गाउँकार्यपालिका लाई आवस्यक सुझाव दिने ।

च. कार्यसम्पादनमा आधारित भुक्तानीको मापदण्ड बनाई लागु गर्ने ।

छ. गाउँकार्यपालिकाले दिएको निर्देशनको पालना गने ।

**५. प्राबिधिक सम्बन्धी व्यवस्थाः**

१. समितिको निर्देशनमा रही सडक मर्मतकर्ता र नाइकेको परिचालन गर्न प्राबिधिक रहने छ । सो को जिम्मेवारी सम्बन्धित वडाको जिम्मेवारी पाएको प्राविधिकको हुनेछ ।

२. प्राबिधिकका काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क.सडक मर्मतकर्ताहरुबाट एक जना नाइके छनौट गरि मर्मत कार्य गराउने ।

ख. नाइके सडक मर्मतकर्ता मार्फत सडक मर्मतकर्ता परिचालन गर्ने ।

ग. सडक मर्मतकर्ताहरुको कार्य सम्पादन मूल्याङ्कन गरी पारिश्रमिक भुक्तानीको लागि सिफारिस गर्ने ।

घ. सन्तोषजनक कार्य सम्पादन नभएका सडक मर्मतकर्ता र नाइकेलाई पदबाट हटाउन समितिमा सिफारिस गर्ने ।

ङ.सडक मर्मतकर्तालाइ आवस्यक पर्ने औजार सामाग्रीको सहजीकरण गर्ने ।

च.सडक मर्मतकर्तालाई वडा कार्यालय सँग समन्वय गरि मर्मत कार्यको कार्यक्षेत्र तोकिदिने ।

छ.सडक मर्मतकर्ताको कार्यबिबरण तयार गरि सोही बमोजिमको भुक्तानीको लागि कार्यालयमा सिफारिश गर्ने ।

**६. सडक नाइके सम्वन्धि ब्यवस्थाः**

१. सडक मर्मतकर्ता नाइकेको काम,कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क. प्रबिधिकको सल्लाह बमोजिम सडक मर्मतकर्ता परिचालन गर्ने ।

ख. सडक मर्मतकर्ताको दैनिक हाजिरी रेकर्ड राख्ने ।

ग. सडकको मर्मतकार्य गुणस्तरिय बनाउने ।

घ. सडक मर्मतकर्ताहरु बीच सु सम्वन्ध स्थापित गर्ने ।

ङ. सडक मर्मतकर्ताहरु संग सहजकर्ताको रुपमा भूमिका निर्वाह गर्दै स्वयंले समेत मर्मतकर्ताको कार्य गर्ने।

च. सडक मर्मतकर्ताहरुलाई आवस्यक पर्ने औजारको लागि प्रबिधिक मार्फत औजार उपलव्ध गराउने ।

छ. समूहका औजारको सुरक्षा गर्ने ।

**७. सडक मर्मतकर्ताको योग्यताः**

क. नेपाली नागरिक

ख. १८ बर्ष उमेर पुरा भई ५० बर्ष ननाघेको

ग. साक्षर

ङ. शारिरिक रुपमा तन्दुरुस्त रहेको

**८. सडक मर्मतकर्ताले सम्पादन गर्नुपर्ने कार्यहरुः सडक मर्मतकर्ताले सम्पादन गर्नु पर्ने कार्यहरु देहाय बमोजिम हुनेछन ।**

| **क्र.स.** | **संरचना** | **मर्मत तथा सम्भार कार्यको विवरण** |
|---|---|---|
| १ | सडक | पहिरो तथा अवरोधको सफाइ गर्ने |
| २ | माटो तथा ग्राभेल सतह | नाली खोल्सी आदिको मर्मत गर्ने ,पानी निकासको प्रबन्ध,ढुंगा सोलिङको ग्राभेल विछ्याउने कार्य गर्ने |
| ३ | सडकको सतह | नाली खोल्सा आदिको मर्मत,काटिएको डिलको मर्मत, पानीको उचित निकास गर्ने |
| ४ | सडक नाली | सडक नालाको सफाइ ,भूक्षय क्षेत्र सफाइ तथा मर्मत गर्ने |
| ५ | कल्भर्ट | कल्भर्ट र यससँग सम्बन्धित संरचनाहरुको सफाइ तथा मर्मत गर्ने |
| ६ | पुल | पुलको सतह तथा संरचनाहरुको सफाइ गर्ने |
| ७ | सडक पेटी नाली,भित्ता | घाँस तथा झाडी काट्ने सफाइ गर्ने |
| ८ | सडक चिन्ह तथा सडक फर्निचर | सफाइ मर्मत सम्भार तथा सडक फर्निचर सफाइ गर्ने |
| ९ | पर्खाल तथा संरक्षण | पानी बग्ने क्षेत्र सडक पर्खाल मर्मत तथा भूक्षय रोकथामको कार्य गर्ने |
| १० | सडक क्षेत्राधिकार | बायो इन्जिनियरिङ व्यवस्थापन गर्ने |
| ११ | अन्य कार्य | साइट प्राविधिकहरुले तोके बमोजिमका नियमित तथा अन्य मर्मत सम्भारका कार्यहरु गर्ने । |

**९. सडक मर्मतकर्ताको नियुक्ति र अवधि :**

१. गाउँपालिकाले कम्तिमा ३ महिना र बढिमा ६ महिनाका लागि मान्य हुनेगरि सडक मर्मतकर्ता नियुक्त गर्ने छ।

२. सम्बन्धित वडा कार्यालयले निवेदन माग गरि वडा समितिको निर्णय सहित योग्यता पुगेका सडक मर्मत कर्ताहरुलाइ नियुक्तीको लागि सिफारिस गर्नु पर्नेछ। यसरी सिफारिस गर्दा खर्च व्यहोर्ने बजेटको स्रोत समेत उल्लेख गर्नु पर्नेछ।

३. उपदफा (२) बमोजिम सिफारिस सडक मर्मत कर्ताहरुलाइ दफा (४) बमोजिमको समितिले स्विकृत गर्दै सिफारिस गरेपश्चात गाउँपालिकाको कार्यालयले ज्यालादारीमा नियुक्त गर्नेछ।

४. नियुक्त सडक मर्मत कर्तालाइ कार्यालयले सम्झौता गरि मर्मत सम्भार कार्य गराउनेछ।

५. सडक मर्मत कर्ताद्धारा गरिने मर्मत सम्भार कार्य लाइ मेशिन जान नसक्ने स्थानहरुमा तथा अन्य प्रकृतिका मर्मत कार्य सँग दोहोरो नपर्ने गरि गर्नको लागि प्राथमिकता दिइनेछ।

**१०. सडक मर्मतकर्ताले पालना गर्नुपर्ने आधारभूत शर्तहरु :सडक मर्मतकर्ताले पालना गर्नुपर्ने आधारभूत**

शर्तहरु देहाय बमोजिम हुनेछन।

१. सडक मर्मत सम्भार सदस्यले काम गर्ने समयमा मादक पदार्थ सेवन गरेर काम गर्नु हुंदैन।

२. दैनिक सडक नियमित मर्मत सम्भार गर्दा कार्यालयले उपलब्ध गराएका ड्रेस कोड प्रयोग गर्नुपर्नेछ।

३. सडक मर्मतले कार्यालयबाट प्रदान गरिएको परिचय–पत्र  प्रयोग गर्नुपर्छ।

४. दैनिक सडकमा नियमित मर्मत सम्भारको काम गर्दा दुर्घटना प्रति सजक र सतर्क भएर गर्नुपर्छ।

५. कार्यालयले  मर्मत कार्य गराउँदा वडा,क्षेत्र समेत तोकी काममा लगाउनु पर्नेछ।

६. यस कार्यविधि बमोजिम ज्याला करार गर्दा सामान्यत आर्थिक वर्षको श्रावण १ (एक) देखि अर्को वर्षको असारसम्मको अवधिको लागि मात्र ज्याला करार गर्नु पर्नेछ।

७. उपदफा (५) बमोजिम एक आर्थिक वर्षको निम्ति ज्याला करारमा लिएको व्यक्तिलाई पुनः अर्को वर्षको लागि ज्याला करारमा लिनु परेमा पुन सुरुवाती चरण देखि गर्नुपर्नेछ।

**११. कार्यशर्त, पारिश्रमिक र अवधिः** (१) यस कार्यविधि बमोजिम ज्याला करार सम्झौता गरिएका सडक मर्मतकर्ता कर्मचारीको मासिक पारिश्रमिक प्रधानमन्त्री रोजगार कार्यक्रममा तोकिए अनुरुप सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ।

**१२. भुक्तानी विधिः** कार्यालयले ज्याला करारका सडक मर्मतकर्ता कर्मचारीको पारिश्रमिक भुक्तानी गर्दा निजले महिनाभरी गरेको कामको विवरण (Time Sheet) सहितको प्रतिवेदन प्राविधिकबाट तयार गर्न लगाई सम्बन्धित वडा कार्यालयको सिफारिस तथा अनुगमन प्रतिवेदनको आधारमा मात्र भुक्तानी गर्नु पर्नेछ। एवं पारिश्रमिक भुक्तानी ब्यक्तिगत बैंक खाता अनिवार्य रुपमा खोल्न लगाई उक्त खातामा जम्मा गरिनेछ।

**१३. ज्याला करार समाप्तीः** (१) सडक मर्मत कर्ताले दैनिक ज्यालादारीमा काम काज गर्नुपर्ने भएकोले मर्मत सम्भार कार्य नगरे पश्चात स्वत ज्याला करारको अवधि समाप्त भएको मानिनेछ।

**१४. औजार उपकरण, पोशाक तथा स्वास्थ्यः** सडक मर्मतकर्तालाई मर्मत सम्भार कार्यका लागि आवश्यक औजार, उपकरण,ड्रेस कोड एवं प्राथमिक उपचार सम्बन्धी सामाग्रीहरु कार्यालयबाट उपलब्ध गराइनेछ। समूह सदस्यहरुले काम गर्ने समयमा अनिवार्य रुपमा आवश्यकता अनुसारका पेशागत, स्वास्थ्य र सुरक्षा सामाग्री लगाउनु पर्दछ। सडक मर्मत समूहले प्राप्त गरेका सबै औजार तथा स्वास्थ्य सामाग्रीहरुको सुरक्षाको जिम्मेवारी स्वयं समूहले लिनुपर्नेछ। ज्याला करारको अवधि अन्त्य भएपछि सम्पूर्ण सामाग्री कार्यालयमा बुझाउनुपर्नेछ ।

**१५. तालिम तथा सुपरिवेक्षणः**कार्यालयले नियमित सडक मर्मतकर्तालाई मर्मत सम्भार अन्तर्गत गरिने क्रियापलापहरु सम्बन्धी ज्ञान सिप सिकाउने उद्देश्यले आवश्यक तालीम उपलब्ध गराउन सक्नेछ । यस्ता तालीमहरु सडक मर्मतकर्तालाई ज्याला करार सम्झौतामा हस्ताक्षर गरे पश्चात कार्यालयले उपलन्ध गराइनेछ । तालीममा करार सम्झौतामा उल्लेख भएका शर्तहरुको बारेमा बुझाउनु पर्नेछ । साथै भुक्तानी विधि, नियमित मर्मत सम्भार कार्यविधि, कार्ययोजना, औजार उपकरणको उपयोग विधि, पेशागत सुरक्षा, प्राथमिक उपचार र विमा सम्बन्धी विषयहरुमा जानकारी गराउनु पर्नेछ।

**१६. अनुगमन, निरीक्षणः**सडक मर्मत तथा सम्भारकर्ता बाट सम्पादन गरिएका कार्यहरुको नियमित निरीक्षण, अनुगमन सम्बन्धित प्राविधिक तथा कार्यालयबाट खटिएका प्राविधिकबाट गरिनेछ। यस कार्यको अनुगमन निरिक्षणमा वडा अनुगमन समिति तथा व्यवस्थापन समिति समेत निरीक्षण,

अनुगमन गरि सम्पादन गरिएका कार्यहरुको गुणस्तर, परिमाण अनुसार भए नभएको नापजाँच गरी मुल्याङ्कन गर्नेछ।

**१७. गाउँपालिका कार्यालयको जिम्मेवारीः**

१. कार्यालयले सडक मर्मत सम्भार सम्बन्धी कार्यहरुको कार्यान्वयन गर्ने प्रक्रियामा समूहलाई आवश्यक प्राविधिक तथा सामाजिक परिचालनका लागि आवश्यक सहयोगको व्यवस्था गर्नेछ।

२. कार्यालयले सम्बन्धित सडकमा प्रतिनिधि पठाई वा कार्यालयमा नै समूह प्रतिनिधि प्रतिनिधि संग संग नियमित सडक मर्मत सम्भार समुह संग सम्झौता गर्नेछ।

३. कार्यालयले सम्पूर्ण सडक मर्मत संभार सदस्यको बैंक खाता खोल्न सहयोग गर्नुपर्नेछ।

४. छनौट भएका मर्मत सम्भार योजनाको कार्यहरुको प्रभावकारी कार्यान्वयन तथा गुणस्तर कायम गर्ने सम्बन्धमा आवश्यक समन्वय, निरीक्षण, सुपरिवेक्षण, नियन्त्रण, नाप जाँच, अनुगमन र आवश्यक निर्देशन कार्यक्रमसंग सम्बन्धित प्राविधिक एवं कार्यालयबाट खटी गएका प्राविधिकहरुबाट दिनुपर्नेछ।

५. कार्यालयले मर्मतसम्भारको लागि आवश्यक गुणस्तरयुक्त सुरक्षाका सामाग्रीहरु, औजारहरु र अन्य सेवा खरिद गरी समूहलाई प्रदान गर्न सक्नेछ।

६. कार्यालयले आवश्यकता अनुसार सडक मर्मतकर्तालाई रकम भुक्तानी सम्बन्धी खर्चको सार्वजनिक परीक्षण गराउन सक्नेछ।

७. कार्यालयले नियमित सडक मर्मत सम्भारकर्ता संग कुनै पनि अवस्थामा योजनासंग सम्बन्धित विल भर्पाइहरु, डोर हाजिरी फारामहरु, जिन्सी नगदी खाताहरु, निर्णय पुस्तिका आदि जाँच गर्न सक्नेछ।

८. सडक मर्मतकर्ताले सम्झौता बमोजिम उल्लेखित मर्मत सम्भार सम्बन्धी कामहरु सन्तोषजनक रुपमा काम नगरेको पाईएमा कार्यालयले सम्झौता रद्द गर्न सक्नेछ।

**१८. बाधा अड्काउ फुकाऊः** तिनाउ गाउँकार्यपालिकाको कार्यालयमा कार्यरत सडक मर्मतकर्ताहरुको सेवा, शर्त, सुविधा र संचालन यस कार्यविधिमा व्यवस्था भएको हदसम्म यसै कार्यविधि बमोजिम हुनेछ। यस कार्यविधिमा व्यवस्था नभएका विषयहरुको हकमा कार्यपालिकाको निर्णय बमोजिम हुनेछ।

१९. **कार्यविधि संशोधनः** यस कार्यविधिमा आवश्यक संशोधन तिनाउ गाउँकार्यपालिकाले गर्न सक्नेछ।

प्रमाणिकरण मिति : २०८२।०४।११

आज्ञाले,
दिनेश सारु
प्रमुख प्रशासकीय अधिकृत